# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस १३ गते २०३३ साल


श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) नियमावली, २०३३

प्रस्तावना: क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधासम्बन्धी नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १९ र २९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई देहायका नियमहरू बनाएको छ:—

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधासम्बन्धी नियमावली,२०३३ को नियम १ मा संशोधनः क्षेत्रीय अदालतका न्यायाधीशहरूको सेवाको शर्त र सुविधासम्बन्धी नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको)को नियम १ को उप–नियम (२) को सट्टा देहायको उप–नियम (२) राखिएको छः–

"(२) यस नियमावलीको नियम ७ र ८, २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।"

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उप–नियम (४) पछि देहायको उप–नियम (५)थपिएको छः–

"(५) यस नियमबमोजिम पाउने उपदानको रकम मुख्य न्यायाधीशको हकमा पच्चीस हजार रूपैयाँ र न्यायाधीशको हकमा चौबीस हजार रूपैयाँभन्दा बढी हुनेछैन ।"

४. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को उप-नियम (३) मा देहायको प्रकरण थपिएको छः–

"यो उप–नियम २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।"

५. मूल नियमावलीको नियम१३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उप-नियम (३) मा देहायको प्रकरण थपिएको छः–

"यो उप–नियम २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।"

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

३८८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।